नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

(जारी मितिः २०७८-०६-१७ गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरुको बहाव सामान्य तथा सतर्कता तह भन्दा तलै रहेको छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आजः असोज-१७ गते आइतबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला,बागमती, पूर्वी राप्तीमा बहाव उल्लेख्य बढ्ने; तिनाउ, पश्चिम राप्ती, बबईमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १ को इलाम, झापा, मोरङ्ग, सुनसरी, उदयपुर, धनकुटा, ओखलढुङ्गा, पाँचथर; प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा; बागमती प्रदेशको सिन्धुली, मकवानपुर, चितवन, काठमाडौं उपत्यका, रामेछाप; गण्डकी प्रदेशको नवलपुर, तनहुँ, स्याङ्गजा; लुम्बिनी प्रदेशको परासी, रुपन्देही, कपिलबस्तु र आसपासका जिल्ला भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान छ।

### पूर्वानुमान भोलिः असोज-१८ गते सोमबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमतीमा बहाव बढ्ने; पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबईमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १ र प्रदेश २ को तराई भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने; बागमती र गण्डकी प्रदेशको मध्यपहाड र चुरे भई बहने केही स-साना नदीहरुमा बहाव बढ्न सक्ने पूर्वानुमान छ।

### पूर्वानुमान पर्सीः असोज-१९ गते मंगलबार (बिहान ७ बजे देखि २४ घण्टा)

- कोशी, नारायणी, कर्णाली, महाकाली र यिनका सहायक नदीहरूमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबईमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- प्रदेश १, प्रदेश २ र बागमती प्रदेशको चुरे र तराई भई बहने केही स-साना नदीहरुमा बहाव बढ्न सक्ने पूर्वानुमान छ।

## सरोकारवालाका लागिपरामर्श (Advisory):

कन्काई, कमला,बागमती, पूर्वी राप्तीमा बहाव उल्लेख्य बढ्ने तथा प्रदेश १ को इलाम, झापा, मोरङ्ग, सुनसरी, उदयपुर, धनकुटा, ओखलढुङ्गा, पाँचथर; प्रदेश २ को सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा; बागमती प्रदेशको सिन्धुली, मकवानपुर, चितवन, काठमाडौं उपत्यका, रामेछाप; गण्डकी प्रदेशको नवलपुर, तनहुँ, स्याङ्गजा; लुम्बिनी प्रदेशको परासी, रुपन्देही, कपिलबस्तु र आसपासका जिल्ला भई बहने केही स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकाले उक्त नदीहरुका तटीय क्षेत्रमा सतर्कता अपनाऔं।

*(बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ) विभागको फेसबुक पेज Nepal Flood Alert (नेपाल बाढी सूचना) हेरौं। विभागको ट्विटर पेजःNepal Flood Alert (नेपाल बाढी सूचना) हेरौं।)*

नोटःपहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ ।रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch
   http://hydrology.gov.np/#/rainfall_watch
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3385)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in  major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool andHIWAT  tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थपजानकारीकोलागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिनपछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइटः  लगअन गरी हेर्न सक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइटwww.hydrology.gov.npमा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होला की नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्व सूचना यस विभागको आधिकारिक ट्विटरः Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुकः Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्न सक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदीजलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एसएमएस पठाइनेछ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जो कोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।